# आर्थिक वर्ष २०७४/७५को
# नीति,तथा कार्यक्रम

विहादी गाउँपालिका

पर्वत, जिल्ला

प्रदेश नं ४

२०७४

## विहादी गाउंपालिकाको प्रथम गाउं सभामा गाउपालिका अध्यक्ष श्री कमलप्रसाद भुसालज्युबाट पेश भएको नीति तथा कार्यक्रम

## मिति २०७४/०४/०५

आदरणीय गाउ सभाका सम्पुर्ण सदस्यज्युहरु,

### जलविद्युत, पशुपालन, कृषि, पर्यटन सहितको समृद्ध विहादी

१) विहादी गाउपालिकाको प्रथम गाउसभामा यस गाउपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा अत्यन्तै हर्षित भएको छु । यस अवसरमा विभिन्न कालखण्डमा नेपाली जनताले गरेका बलिदानीपूर्ण आन्दोलन, लगायत अन्य सबै आन्दोलनमा जीवनउत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । सार्वभौम नेपाली जनताले निर्माण गरेको नेपालको सविधानले संघियता, लोकतन्त्रात्मक व्यवस्था सहितको समृद्ध विहादीको आधारशिला निर्माण गर्नमा योग्दान गर्नेछ । यो गाउँपालिकालाई सवृद्ध र नमुना गाउँपालिका निर्माणका निम्ति संकल्प सहित यो निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

२) लोकतन्त्रको पाठशालाको रुपमा रहेको स्थानीय तह निर्वाचन, २०७४ पश्चात् जनप्रतिनिधिहरुले आआफ्नो जिम्मेवारी सम्हाली सक्नुभएको छ । स्थानीयतहको निर्वाचनले संघीयता कार्यान्वयन र लोकतन्त्र संस्थागतहुने मात्र होइन, आफ्नो गाउ ठाउमा विकासमा जनताको प्रत्यक्ष सहभागिता सुनिश्चत हुन्छ, यस अवसरमा निर्वाचनलाई सफल बनाउन भूमिका खेल्नुहुने सबैप्रति हार्दिक आभार प्रकट गर्दछु । समावेशी प्रतिनिधित्व, विकास निर्माण एवं साधन स्रोतमा जनताको स्वामित्वले मात्रै लोकतन्त्र अगाडी वढ्ने छ । स्थानिय तहमा महिला, जनजाति, दलित, अपाङ्ग, आदिवासी, अल्पसंख्यक पिछाडिएको क्षेत्र र वर्गको समावेशी प्रतिनिधित्व सुरक्षित गर्न र निर्वाचित जनप्रतिनिधिहरुको माध्यमवाट जनसहभागिता मुलक विकास लाई नयाँ गति दिन यस गाउँपालीका सक्षम रहने छ ।

३) साविकका बाच्छा, बर्राचौर, रानीपानी, वहाकीठाटी, उरामपोखरा र शालीग्राम गाउ विकास समिति मिलाएर बनाइएको यस विहादी गाउपालिकामा स्थानीय सरकार गठन पछि सेवा प्रवाह र विकासप्रति जनतामा नया उत्साह आएको छ । सिमित श्रोतबाट अर्थपुर्ण जनसहभागितामार्फत् विकासका कार्यलाई तिव्रता दिने अवसर सृजना भईरहेको छ । जनताको शासन शुरु भएको छ । अव गाउँमा सामजिक, आर्थिक रुपान्तरण र विकासको काम शुरु हुने छ स्थानिय

तहवाटै सामजिक न्याय र लोकतन्त्रको आधारशिलाको संस्थागत हुंदै राष्ट्रिय स्वाभिमान, स्वाधिनता, राष्ट्रियहितको रक्षा, राजनैतिक स्थायित्व, सामजिक सद्भाव, राष्ट्रिय एकतालाई वलियो बनाउन सहयोग पुगी मुलुकको राजनीतिलाई सहि दिशा प्रदान गर्ने विशिष्ट अवसर प्राप्त भएको र यसमा हामी सबै जनप्रतिनिधिहरु आफ्नो कर्तव्यलाई सहि ढंगावाट सदुपयोग गर्नेछौ भन्ने पूर्ण विश्वास यस सभाले गर्दछ ।

**आदरणीय उपस्थित मानुभावहरु,**

सहिदहरुको सम्झनामा विहादी गाउपालिकाको १ नं. वडाको बाच्छा खोलामा र ५ नं. सिब्दी खोला ( डुड) मा प्रवेशद्धार निर्माण गरिनेछ ।

यस गाउँपालिका केन्द्रवाट सवै वडाका केन्द्र सम्म जनताले सुगम तरिकाले आवत जावत गर्न पाउनुपर्ने र गाउँपालिकाको ठुलो स्रोत को व्यवस्थापन शुरुका वर्षहरुमा त्यहि दिशा तर्फ अगाडी वढने छ , सोही तत्थलाई मध्यनजर राखी गाउपालिकाको आफ्नै बाटो खन्ने मेसिन किन्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । आगामी पाँच बर्ष भित्र मुख्य सडकलाई कालोपत्रे गर्ने र अन्यलाई स्तरोन्नति गरिनेछ ।

कृषिको विविधकरण, यान्त्रिकरण, आधुनिकिरण र व्यवसायिकरणको लागी कार्यक्रमहरु संचालन गरिनेछ, फलफुल खेतीमा जोड दिइनेछ । जग्गा बाझो राख्ने प्रवृत्तिलाई निरुत्साहन गरिनेछ । उन्नत जातको विउहरुको प्रयोग गरिनेछ । पत्येक वडामा एउटा कृषि पकेट क्षेत्र बनाइनेछ । कृषि योग्य जमिनमा सिचाई सुविधाको अवधारणा अगाडी सारिने छ । लिफ्ट सिस्टमबाट पानी तानि सिंचाई सुविधा उपलव्ध गराउने नीतिलाई क्रमशः कार्यान्वयन गर्दै गइनेछ । कृषिलाई सम्मानजनक पेशाको रुपमा अगााडी बढाउने कार्यक्रम संचालन गरिनेछ । पानीको मुल संरक्षण गर्नका लागि एक वडा एक पोखरी निर्माण गर्ने नीति लिइनेछ ।

यस क्षेत्रभित्र रहेका प्रहरी चौकी मर्मत सम्भार, राहत सामाग्री वितरण गर्ने कार्यलाई प्राथमिकता दिईनेछ । साथै यस क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरुको सेवाको अनुगमन गर्ने र कर्मचारीहरुको कार्य आधारमा पुरुस्कार, सम्मान र दण्डको व्यवस्था सूचकहरु निर्माण गरी कामहरु गरिने छ । महिला स्वास्थ्य स्वयंम सेविकाहरुलाई प्रोत्साहन गरिनेछ । विभिन्न स्वास्थ्य संस्थाहरुको सहकार्यमा विभिन्न शिविरहरु सञ्चालन गर्ने काम अगाडी वढाईनेछ । खेलकुद विकासको लागी प्रत्येक वडाहरुको सम्भाव्य ठाउँहरुमा खेल मैदान र खेलकुदको आधारवाट यूवाहरुलाई स्वास्थ्य वनाउने र खेलकुद मार्फत स्वास्थ्य जनशक्ती उत्पादन गर्ने र गाउँपालिका भित्र एक प्रान्तीय स्तरको खेलकुद मैदानको सम्भाव्यता अध्ययन गर्ने काम हुनेछ । विभिन्न खेलकुदहरुको आयोजना गरिएको ठाँउमा उत्कृट काम गर्ने यूवा समुह र यूवा क्लवहरुलाई पुरस्कृत गरिनेछ ।

असहाय, एकलमहिला, वालवालिका, अपाङ्ग, विपन्न, दलित, आदीवासी, जनजातिहरु एवं आर्थिक सामाजिक रुपले पछि परेको वर्ग समूदायका लागि लक्षित कार्यक्रहरु संचालन गरिने छन । सामुदायिक विद्यालयको

गुणस्तर अभिवृद्धिका लागि आवश्यक कार्यक्रम तय गरिनेछ। शिक्षा वारे छुटै क्षेत्रगत नीति तयार गरि लागु गरिनेछ। सबै वडाहरुमा एक घर एक धारा कार्यक्रम लागू गरिनेछ।

बैकिङ्ग तथा वित्तीय संस्थाहरुमा विहादीवासीको पहूच वृद्धि गर्नका लागि आवश्यक समन्वयन गर्ने नीति लिईनेछ।

यस गाउँपालिकाको भिलेज प्रोफाइल तयार गरिनेछ। भिलेज प्रोफाइलका आधारमा विज्ञहरुको समूह बनाई यस गाउँपालिकाको अल्पकालिन, मध्यकालिन र दीर्घकालिन योजना तयार गरी विहादी गाउँपालिका भित्र रहेका स्रोत र संम्भावनाहरुको खोजी गरिनेछ । वातावरण संरक्षण तथा सरसफाई कार्यक्रमलाई जोड दिइनेछ। विपद तथा प्राकृतिक प्रकोपमा परेका वेला सहयोगको लागि कोष स्थापना गरी कार्यक्रम सञ्चालन गरिने छ। यस गाउँपालिका क्षेत्रमा रहेका उद्यम तथा लघु उद्यमीहरुको प्रवर्धन र नया उद्यमीको विकास गर्न सिपमुलक तथा आय मुलक कार्यक्रमहरु सञ्चालन गरिने छ।

धार्मिक, सांस्कृति र पर्या पर्यटनको प्रचुर संभावना भएको हाम्रो क्षेत्रमा पर्यटन पूर्वाधार निर्माण गर्ने नीति लिईने छ।

मानव संसाधन विकासका लागी एक मात्र सामुदायिक क्याम्पस, प्राविधिक विद्यालय लगायतका संस्थाहरुलाई सक्षम बनाउदै लगिनेछ। विभिन्न प्रकारका सिपमूलक तथा क्षमता अभिवृद्धी तालिम र अवसरको खोजी गरिने छ। यस गाउँपालिकामा रहेका काठका विद्युत्तिय पोलहरुलाई क्रमशः फलामे पोलहरुद्धारा विस्थापित गर्ने काम अगाडी वढाइने छ।

विहादी गाउँपालिका भित्र रहेका प्रकृतिक स्रोत र साधनहरुको खोजी गरिनेछ। व्यवस्थित शहरीकरण र एकिकृत वस्ती विकासका लागी गुरुयोजना तर्जुमा गर्ने काम शुरु गरिने छ। गाउँपालिका भित्र प्रसस्त संभावना रहेको ढुङ्गाखानीको उत्खन्न सम्बन्धमा आवश्यक गृहकार्य अगााडी बढाइनेछ । बातावरणीय संभाव्यवता अध्ययनका आधारमा कालिगण्डकी नदीको नदीजन्य पदार्थ निकाल्न आवश्यक समन्वय र सहकार्य गरिनेछ। गाउँपालिका भित्र रहेको वनजंगल भित्र रहेका अमूल्य जडिवुटिहरुको पहिचान, संरक्षण र प्रसोधन गर्ने कार्य अगाडी वढाइने नीति गाउँपालिकाले लिने छ।

**आदरणिय उपस्थित मानुभावहरु,**

श्रमको सम्मान, समान कामको समान ज्यालाको व्यवस्था गर्ने र वाल श्रमलाई पूर्ण रुपमा अन्त्य गर्ने योजना वनाइने छ। श्रमीकहरुलाई विभिन्न सिप र प्रविधि हस्तान्तरण गर्ने कार्य गरिनेछ। गाउँपालिकाका सवै कामहरु पारदर्शी रुपमा राख्न गाउँपालिकामा वेभसाइट, नागरिक वडा पत्र र सि.सि. क्यामेरा जडान गर्ने काम गरिनेछ। कर्मचारीलाई उत्प्रेरित गर्ने र सार्वजनिक सेवाप्रति प्रतिबद्ध हुने व्यवस्था मिलाइनेछ। प्रत्येक वडाहरु वाट सेवा प्रवाह गर्न वडा कार्यालयलाई व्यवस्थित गरिनेछ। गाउपालिका तथा वडाबाट गरिएका कामलाई वेला वेलामा सार्वजानिक सुनवाई, सामजिक लेखापरिक्षण,

वुलेटिन र सञ्चारको  माध्यम वाट जानकारी गराईनेछ । साथै उत्कृष्ट कार्य गर्ने राष्ट्रसेवक कर्मचारीहरुलाई पुरुस्कृत गरिनेछ ।

सामाजिक सुरक्षाको अभिलेख व्यवस्थित गर्दै जेष्ठ नागरिक, अपाङ्ग, असहायहरुको सामजिक सुरक्षा को कार्यलाई प्राथमिकिकरण गर्न गाउँपालिकाले जोड दिनेछ । सामाजिक सुरक्षा अन्तर्गत पाँच बर्ष मुनिका दलित बालबालिका, अपांग बालबालिकाको  रकम प्रत्येक वस्तीस्तरका पुऱ्याइनेछ । जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने, समाजलाई माया गर्ने, समाजसेवाको भावना र देशभक्तिको भावना परिवार, विद्यालय र समाजको तर्फवाट नै स्थापना गर्न गाउँपालिकाले प्रयास गर्ने छ । नदिनालहरुको संरक्षण, सरसफाई, नदिहरुमा हुने गैरकानुनी कार्यहरु रोक्न पहल गरिने छ ।

वजार व्यवस्थापन गरी उपभोक्ता हित प्रवर्द्धन गर्न पसलहरुमा मूल्य सूची राख्ने मासु, फलफुल पसलहरु र होटलहरुको निरन्तर अनुगमन गरिने छ ।  मिसावट गर्ने, वासी सडेगलेको सामना विक्रि गर्ने , कालोवजारी गर्ने, कृतिम अभाव सृजना गर्ने कामहरु प्रति गाउँपालिकाले शुन्य सहनशिलता अपनाउने छ । समावेशी विकास गर्ने र महिला, दलित, अल्पसंख्यक, आदीवासी, जनजाती, अपाङ्गता भएका नागरिकहरुको क्षमता विकास, यूवाहरुको क्षमता र सिप विकास, यूवा स्वरोजगार कार्यक्रम, शिक्षा र चेतना अभिवृद्धिको कार्यक्रमहरुमा गाउँपालिकाले ध्यान दिनेछ । यसरी विहादी गाउँपालिकालाई आगामी पाँच वर्ष भित्र नमूना गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

**आदरणीय उपस्थित मानुभावहरु,**

अन्त्यमा,

यस गाउँ सभामा प्रस्तुत भएका नीति तथा कार्यक्रम माथी छलफल गरी यहाँहरुवाट महत्वपूर्ण सुझाव र सल्लाहलाई आत्मसाथ गर्ने वाचा गर्दै  विदा हुन्छु ।

**धन्यबाद ।।**

कमलप्रसाद भुसाल
अध्यक्ष